नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक
ललितपुर

## प्रेस विज्ञप्ति

**मितिः- २०७८।०८।१९**

राजस्व अनुसन्धान कार्यालय बुटवलबाट निम्न विवरण सहितको राजस्व चुहावट सम्बन्धी मुद्दा उच्च अदालत तुल्सीपुर बुटवलमा मिति २०७८।०८।१९ मा दायर गरिएको छ।

१. **अभियुक्तको विवरणः** जिल्ला रुपन्देही समरिमाही गाउँपालिका वडा नं. ६ स्थायी ठेगाना भएका कशौधन कवाड सप्लायर्स (स्थायी लेखा नं. ३०५१४३०२४) का प्रोपराइटर वर्ष ३२ का प्रमोद कुमार गुप्ता समेत ।

२. **कसुरको संक्षिप्त विवरणः** उक्त फर्मले राजस्व चुहावट गर्ने मनसायले अन्य फर्मको नामबाट सामान खरिद गरी उक्त सामान विभिन्न ब्यक्तिहरुलाई बिक्री गरी सो को लेखाङ्कन नगरी मु.अ.कर तथा आयकर छली गरी राजस्व चुहावट गरेको ।

३. **कायम भएको विगो र सजायको मागदाविः** राजस्व अनुसन्धान (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) ऐन २०५२ को दफा ३ ले निषेधित सोही ऐनको दफा ४(क), (ख) (ज) र (झ) बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले सोही ऐनको दफा २(छ१) हुन आउने मु.अ.कर तर्फ रु. ६,३१,४८,२६६।- र आयकर तर्फ रु. १६,०५,४५,२१३।- समेत जम्मा हुन आउने कुल विगो रु.२२,३६,९३,४७९।- **(बाईस करोड छत्तिस लाख त्रियानब्बे हजार चार सय उन्नाअसी रुपैया)** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०५२ को दफा २३(१) बमोजिम निजबाट विगो **रु.२२,३६,९३,४७९।-** असुल गरी सोही ऐनको दफा २३(१) बमोजिम कायम भएको विगोको शत प्रतिशत **रु.२२,३६,९३,४७९।-** जरिवाना तथा दफा २३(१)(ग) बमोजिम हदैसम्मको ३ वर्षसम्म कैद सजायको मागदावी गरी यो अभियोग पत्र दायर गरिएको छ ।

| सि.नं. | प्रतिवादी | विगो | सजाय हुने विगो | सजायको माग दावी |
|---|---|---|---|---|
| १ | • प्रमोद कुमार गुप्ता<br>• गोविन्द कुमार कशौधन | २२,३६,९३,४७९। | २२,३६,९३,४७९। | ४४,७३,८६,९५८।- |

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**